प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

# शैक्षिक शत्र २०८३/०८४ का लागि प्रवेश प्रक्रिया तथा भर्ना अभियान सम्वन्धी सूचना

(मिति: २०८२।१२।२७ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा समितिको मिति २०८२।१२।२६ गतेको निर्णयानुसार शैक्षिक शत्र २०८३/०८४ का लागि प्रवेश प्रक्रिया, भर्ना र रजिस्ट्रेशन सम्वन्धी कार्य सञ्चालन मार्गदर्शन जारी भएको छ । जारी मार्गदर्शन अनुसार परिषद् अन्तर्गतका शिक्षालयहरुमा एस.ई.ई. परीक्षाको नतिजा प्रकाशन भएको दिनबाट नै प्रवेश प्रक्रिया, प्रशिक्षार्थी छनौट तथा भर्ना अभियान सुरु हुने भएकाले उक्त मार्गदर्शन अनुसार शैक्षिक शत्र २०८३/०८४ का लागि तपसिल अनुसारका प्रवेश प्रक्रिया तथा भर्ना सम्वन्धी गतिविधि लगायत बिभिन्न प्रवर्द्धनात्मक र रचनात्मक कार्यहरु गर्न गराउन आवश्यक तयारीका कार्य गर्नुहुन अनुरोध छ ।

**तपसिल :**

- शैक्षिक सत्र २०८३/०८४ को भर्ना अभियानलाई सफल बनाउन कार्ययोजना निर्माण गर्ने, गराउने
- प्रवेश प्रक्रिया र भर्ना सम्वन्धमा हेल्प डेस्क स्थापना सहित अभियान सञ्चालन गर्ने, गराउने

नोट : प्रवेश प्रक्रिया, भर्ना र रजिस्ट्रेशन सम्वन्धी कार्य सञ्चालन मार्गदर्शन प.नि.का.को वेवसाइट www.ctevtexam.org.np मा हेर्न सकिनेछ । यस मार्गदर्शनमा उल्लिखित नभएका विषयहरु भर्ना निर्देशिका २०८२ अनुसार नै गरिनेछ ।

**परीक्षा नियन्त्रक**